# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, भदौ ५ गते २०६० साल (अतिरिक्ताङ्क २३

## भाग २

### श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### २०६० सालको अध्यादेश नं. ११

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## गरीबी निवारण कोषको स्थापना र संचालन गर्न बनेको अध्यादेश

प्रस्तावना : समाजका गरीब तथा पिछडिएको वर्गको सक्रिय सहभागितामा गरीबी निवारण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गराउन र गरीबी निवारण कार्यमा संलग्न निकायहरुलाई अनुदान तथा आवश्यक सहयोग उपलव्ध गराई मुलुकबाट गरीबी निवारण गर्न गरीबी निवारण सम्बन्धी एक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कोषको स्थापना र संचालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "गरीबी निवारण कोष अध्यादेश, २०६०" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको गरीबी निवारण कोष सम्झनु पर्छ ।

(ख) "गरीबी निवारण कार्यक्रम" भन्नाले दफा ६ बमोजिमका कार्यक्रम सम्झनु पर्छ ।

(ग) "गरीबी निवारणसँग सम्बन्धित निकाय" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गतका स्थानीय निकाय सम्झनु पर्छ र सो शब्दले गरीबी निवारण कार्यक्रम संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित अन्य संस्थासमेतलाई जनाउनेछ ।

(घ) "समिति" भन्नाले दफा १० बमोजिम गठन भएको कोषको संचालक समिति सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउँनेछ ।

(ज) "कार्यकारी निर्देशक" भन्नाले दफा १७ बमोजिम नियुक्त कोषको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(झ) "कर्मचारी" भन्नाले कोषको कर्मचारी सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-२
## कोषको स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३. **कोषको स्थापना** : (१) गरीबी निवारण कोपको नामबाट एउटा कोपको स्थापना गरिनेछ ।

(२) कोपको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र कोपले आवश्यकता अनुसार नेपाल अधिराज्यभित्र जुनसुकै स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ ।

४. **कोष स्वशासित संस्था हुने** : (१) कोप अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) कोपको काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) कोपले व्यक्ति सरह चल, अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) कोपले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजूर गर्न र कोप उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५. **कोषको उद्देश्य** : कोपको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) मुलुकमा विद्यमान गरीबी निवारणका लागि गरीब व्यक्ति, परिवार वा समुदायलाई लक्षित गरी तिनीहरुको आर्थिक तथा सामाजिक स्तर उठाउन सामाजिक परिचालनका माध्यमवाट आवश्यक सेवा सुविधामा पहुँच वढाई उपयोग गर्न सक्ने र स्थानीय विकासको निर्णय प्रक्रियामा सक्रिय गराई आफ्नो अधिकार प्रयोग गर्न सक्ने क्षमता अभिवृद्धि गराउने,

(ख) आर्थिक तथा सामाजिक रुपले पिछडिएका र गरीवीको रेखामुनी रहेका व्यक्ति, परिवार तथा समुदायको पहिचान गरी तिनीहरुको आर्थिक तथा सामाजिक स्तर माथि उठाउन क्षमता अभिवृद्धि तथा आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका कार्यक्रम संचालन गराउने,

(ग) गरीवी निवारणका लागि राष्ट्रिय तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्राष्ट्रिय स्रोत परिचालन गरी त्यसको समन्वित रुपमा गरीबी निवारणसँग सम्बन्धित निकायमार्फत परिचालन गराउने,

(घ) गरीबी निवारणसँग सम्बन्धित निकायहरुबीच समन्वय कायम गर्ने, गराउने,

(ङ) गरीबी निवारण सम्बन्धी स्रोत परिचालन गर्न तथा तत्सम्बन्धी संस्थागत विकास गर्न आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने ।

६. कोषबाट संचालन हुने कार्यक्रमहरु : कोषको उद्देश्य हासिल गर्न स्थानीय माग अनुरुप साधारणतया देहाय बमोजिमका कार्यक्रम संचालन हुनेछन् :-

(क) आय वृद्धि, सीप विकास, रोजगारी सिर्जना तथा अभिवृद्धि र उत्पादन वृद्धिका कार्यक्रम ।

(ख) गरीबी निवारणको कार्यमा सहयोग पुऱ्याउन आवश्यकतानुसार पूरक कार्यक्रमको रुपमा आधारभूत स्वास्थ्य, साक्षरता, प्राबिधिक शिक्षा, युवा रोजगार तालिम, साना सिंचाई, साना पुल, खानेपानी, सरसफाई, ग्रामीण सडक, ग्रामीण ऊर्जा तथा वातावरण सम्बन्धी कार्यक्रम ।

(ग) समुदायबाट पहिचान भएका विकासका स-साना पूर्वाधारहरुका निर्माण कार्यक्रम ।

(घ) गरीबी निवारण कार्यक्रमलाई गरीवी निवारणसँग सम्बन्धित निकायमार्फत सहज रुपमा संचालन गर्ने कार्यपद्धतिको विकास गरी त्यस्ता कार्यक्रममा सामाजिक परिचालनका माध्यमवाट सलग्न हुने व्यक्ति, परिवार, सामुदायिक संस्था तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने तालिम, गोष्ठी, अवलोकन भ्रमण आदि कार्यक्रम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. कोषको काम, कर्तव्य र अधिकार : कोषको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कोषको संचालन र व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोको निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने,

(ग) गरीबी निवारण कार्यक्रम तयार पारी त्यस्ता कार्यक्रम संचालन गर्न गरीबी निवारणसंग सम्बन्धित निकायहरुलाई परिचालन गर्ने,

(घ) गरीबी निवारण कार्यक्रम संचालन गर्नका लागि प्रदान गरिने अनुदान वा सहयोग प्रदान गर्ने आधार तथा कार्यविधि तयार गरी अनुदान तथा सहयोग प्रदान गर्ने,

(ङ) गरीबी मापनका आधार तथा सूचक तयार गरी सोही अनुरुप गरीबी निवारण कार्यक्रमको सञ्चालन तथा प्रगति समिक्षा गर्ने,

(च) कोषसंग अनुदान तथा सहयोग लिई संचालन भएका गरीबी निवारण सम्बन्धी कार्यक्रमको नियमित अनुगमन तथा मूल्यांकन गर्ने गराउने,

(छ) कोष समक्ष पेश भएका योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ज) कोषको वार्षिक लेखा परीक्षण गराउने,

(झ) कोषले वर्ष भरी गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्ने,

(ञ) कोषको संगठनात्मक स्वरुप स्वीकृत गर्ने र सो बमोजिम आवश्यक दरबन्दी सिर्जना गर्ने,

(ट) कोषको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्य गर्ने ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

231

## परिच्छेद-३
## कोषको स्रोत, परिचालन तथा व्यवस्थापन

८. कोषले आर्थिक स्रोत जुटाउन सक्ने : (१) कोषले आफ्नो उद्देश्य अनुरुपको कार्यक्रम संचालन गर्नका लागि श्री ५ को सरकार, सरकारी तथा गैरसरकारी संस्था, विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय सँस्था वा निकाय वा व्यक्तिबाट सहयोग, अनुदान लगायत अन्य आवश्यक आर्थिक स्रोत जुटाउन सक्नेछ ।

तर विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिसंग आर्थिक स्रोत लिनु अगावै कोषले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा श्री ५ को सरकारबाट प्राप्त हुने अनुदानको रकम तथा विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिबाट प्राप्त हुने सहयोग वा अनुदानको रकम श्री ५ को सरकारको बजेटमा समावेश गरी कोपलाई अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

९. गरीबी निवारणसंग सम्बन्धित निकायलाई परिचालन गर्ने : कोषले गरीवी निवारण कार्यक्रम संचालन गर्नका लागि गरीबी निवारणसंग सम्वन्धित निकायलाई छनौट गरी तोकिएबमोजिम अनुदान वा सहयोग उपलब्ध गराई परिचालन गर्न सक्नेछ ।

## परिच्छेद-४
## संचालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१०. संचालक समितिको गठन : (१) कोपको उद्देश्य प्राप्तिको लागि यो अध्यादेश तथा यस अध्यादेश अन्तर्गत बनेको नियम बमोजिम कोपले गर्नु पर्ने सम्पूर्ण काम कारबाहीको संचालन, रेखदेख तथा प्रवन्ध गर्न एक संचालक समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) प्रधानमन्त्री -अध्यक्ष

(ख) राष्ट्रिय योजना आयोगका भूतपूर्व उपाध्यक्ष वा सदस्य वा गरीवी निवारणको क्षेत्रमा योगदान पुऱ्याएका राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृत वा गरीवी निवारणको क्षेत्रमा योगदान पुऱ्याएका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिहरु मध्येबाट दफा ११ को प्रकिया अनुसार श्री ५ को सरकारले मनोनयन गरेको व्यक्ति -उपाध्यक्ष

(ग) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय -सदस्य

(घ) अध्यक्ष, जिल्ला विकास समिति महासंघ -सदस्य

(ङ) अध्यक्ष, गाउँ विकास समिति महासंघ -सदस्य

(च) अध्यक्ष, राष्ट्रिय महिला आयोग -सदस्य

(छ) अध्यक्ष, राष्ट्रिय दलित आयोग -सदस्य

(ज) देशभित्र कार्यरत गैर सरकारी संस्थाहरुको राष्ट्रियस्तरको छातासंगठनमध्येबाट श्री ५ को सरकारबाट मनोनीत एकजना -सदस्य

(झ) गरीबी निवारणको क्षेत्रमा विशेष योगदान पुऱ्याई राष्ट्रिय जीवनमा ख्याति प्राप्त गरेका व्यक्तिहरु मध्येबाट एकजना महिला सहित श्री ५ को सरकारद्वारा मनोनीत दुईजना -सदस्य

(३) उपदफा (२) को खण्ड (झ) बमोजिम श्री ५ को सरकारले सदस्य मनोनयन गर्दा स्नातकोत्तर उपाधि हासिल गरी गरीबी निवारणको क्षेत्रमा कम्तीमा सात वर्ष योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट गर्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (ख), (ज) वा (झ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ। निज पुनः मनोनयन हुन सक्नेछ।

(५) श्री ५ को सरकारले उपदफा (२) को खण्ड (ख), (ज) वा (झ) बमोजिमको सदस्य मनोनीत गर्दा कुनै राजनैतिक दलको सदस्य नभएका व्यक्तिहरु मध्येवाट गर्नुपर्नेछ।

(६) समितिले आवश्यक देखेमा गरीवी निवारण कार्यसंग सम्बन्धित व्यक्ति र सम्वन्धित विषय विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(७) बाह्य स्रोत र साधनको परिचालन कार्यक्रम संयोजन गरी गरीबी निवारण कार्यक्रमलाई बढी प्रभावकारी वनाउन समितिले आवश्यक देखेमा सम्वद्ध संस्थाका प्रतिनिधि सम्मिलित एक परामर्श समिति गठन गर्न सक्नेछ।

(८) उपाध्यक्ष कोषको कार्यकारी प्रमुख हुनेछ र निजले अध्यक्षको निर्देशनमा कोषको कामकाज संचालन गर्नेछ।

(९) गरीबी निवारण कोषको कार्यकारी निर्देशक समितिको सचिव हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. छनौट समिति : (१) दफा १० को उपदफा (२) को खण्ड (ख) बमोजिम उपाध्यक्षको मनोनयन गर्ने प्रयोजनको लागि श्री ५ को सरकार समक्ष सिफारिश गर्न देहाय बमोजिम एउटा छनौट समिति रहनेछ : -

(क) उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, - संयोजक

(ख) गरीबी निवारणको क्षेत्रसंग सम्बन्धित विज्ञहरुमध्येबाट श्री ५ को सरकारले तोकेको व्यक्ति - सदस्य

(ग) मुख्य सचिव, श्री ५ को सरकार - सदस्य

(२) उपदफा (१) बमोजिमको छनौट समितिले उपाध्यक्षको मनोनयनको लागि श्री ५ को सरकार समक्ष नाम सिफारिश गर्दा तीनजनाको नाम सिफारिश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छनौट समितिले सिफारिश गरेको तीनजना मध्येबाट कुनै एकजनालाई श्री ५ को सरकारले उपाध्यक्षको लागि मनोनयन गर्नेछ ।

(४) छनौट समितिले उपाध्यक्षको मनोनयनको लागि सिफारिश गर्न नाम छनौट गर्दा अपनाउनु पर्ने प्रकिया तथा आफ्नो बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

१२. समितिको बैठक र निर्णय : (१) एक वर्षमा कम्तीमा छ पटकमा नघट्ने गरी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर दुईवटा बैठक बीचको अवधि दुई महिना भन्दा बढी हुनेछैन ।

(२) समितिको सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयको कार्यसूची सदस्यहरुलाई बैठक बस्ने मिति भन्दा कम्तीमा सात दिन अगावै उपलब्ध गराउनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(४) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ

तर कोपको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम र बजेट सम्बन्धी विषयमा छलफलको लागि बस्ने बैठकको लागि कम्तीमा पचहत्तर प्रतिशत सदस्यहरुको उपस्थिति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक हुनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले गरेका निर्णयहरु समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. सदस्यता कायम नरहने :(१) देहायको कुनै अवस्थामा दफा १० को उपदफा (२) को खण्ड (ख), (ज) वा (झ) बमोजिम मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछ :-

(क) मृत्यु भएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) पदबाट निजले दिएको राजीनामा स्वीकृत भएमा,

(घ) कुनै सूचना नदिई लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित रहेमा,

(ङ) यस अध्यादेशको उद्देश्य विपरीत कार्य गरेको वा कोषको काममा निस्कृय रहेको वा सहयोग नगरेको वा कोषलाई हानि नोक्सानी हुने कुनै काम गरेको वा कोष वा समितिको नीति, निर्देशन विपरित काम गरेको आरोपमा समितिको सदस्य पदबाट हटाउन आवश्यक छ भनी समितिको कुनै सदस्यले पेश गरेको प्रस्ताव समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुबाट पारित भएमा ।

(२) उपदफा (१) को खण्ड (ङ) को प्रयोजनका लागि प्रस्ताव पेश गर्ने, प्रस्तावमा छलफल गर्ने तथा प्रस्ताव उपर मतदान गर्ने सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१४. काम कारबाही बदर नहुने : समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै काम कारबाही भएको भए तापनि सोही कारणले मात्र त्यस्तो काम कारबाही बदर हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. उप-समिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य संचालन गर्नका लागि आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका उप-समितिको काम, कर्तव्य अधिकार, कार्यक्षेत्रगत शर्त ( टर्मस अफ रेफरेन्स) तथा कार्याविधि समितिले तोके बमोजिम हुनेछ ।

१६. अध्यक्ष तथा उपाध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्ष तथा उपाध्यक्षको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

१७. कार्यकारी निर्देशक : (१) कोषको दैनिक कार्य सञ्चालन गर्नका लागि अर्थशास्त्र, व्यवस्थापन वा समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक विकास वा गरीबी निवांरणको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएका व्यक्तिहरु मध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा समितिले एक जना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको पदपूर्ति नभएसम्मको लागि श्री ५ को सरकारले समितिसंग परामर्श गरी श्री ५ को सरकारको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत कर्मचारीलाई बढीमा छ महिना सम्मका लागि कार्यकारी निर्देशकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले कोषलाई हानि नोक्सानी हुने कुनै काम कारवाही गरेमा वा भ्रष्टाचारको अभियोग प्रमाणित भएमा वा समितिको नीति निर्देशन विपरीत काम गरेमा समितिले तोकिएको प्रकिया अपनाई निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

१८. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार : (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) कोषको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(घ) कोषको दैनिक कार्यको सुपरिवेक्षण तथा निरीक्षण गरी कोषको उद्देश्य अनुसार आवश्यक कार्य गर्ने,

(ङ) कोषको अनुदान तथा सहयोगमा कार्यान्वयन गरिएका गरीवी निवारण सम्वन्धी कार्यक्रमको निरीक्षण गरी त्यसको प्रगति विवरण समिति समक्ष पेश गर्ने,

(च) कोषले सञ्चालन गरेका कार्यक्रमको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) कोषको निमित्त आवश्यक रकम जुटाउन आन्तरिक र वाह्य स्रोत परिचालन गर्ने ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१९. कर्मचारी सम्बन्धी व्यवस्था : (१) कोषको काम सुचारु रुपले सञ्चालन गर्नका लागि कोषमा आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) कोषका कर्मचारी तोकिए बमोजिम करारमा नियुक्ति गरिनेछ ।

(३) कोषका कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त तोकिए बमोजिम हुनेछन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-६
## कोष तथा लेखापरीक्षण

२०. कोष : (१) कोपको आफ्नो एउटा छुट्टै कोप हुनेछ र सो कोपमा देहायका रकम रहनेछन् :-

(क) श्री ५ को सरकारवाट प्राप्त हुने अनुदान,

(ख) विदेशी सरकार, राप्ट्रिय वा अन्तर्राप्ट्रिय संघ, संस्था वा व्यक्तिवाट प्राप्त सहयोग वा अनुदान,

(ग) कोपको चल तथा अचल सम्पतिवाट आर्जन भएको रकम,

(घ) अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

(२) उपदफा (१) वमोजिम कोपलाई प्राप्त हुने सम्पूर्ण रकम नेपाल राप्ट्र वैंक वा नेपाल अधिराज्यस्थित कुनै वाणिज्य वैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) कोपको तर्फवाट गरिने सम्पूर्ण खर्च उपदफा (१) वमोजिमको कोपमा जम्मा भएको रकमवाट व्यहोरिनेछ ।

तर कोपको सचालन खर्च आयोजना तथा कार्यक्रमका लागि भुक्तानी भएको रकमको अधिकतम पाँच प्रतिशत भन्दा वढी हुनेछैन ।

(४) कोपको खाता संचालन तोकिए वमोजिम हुनेछ ।

२१. लेखा र लेखापरीक्षण : (१) कोपको आय-व्ययको लेखा तोकिए वमोजिम राखिनेछ ।

(२) कोपले नेपाल चार्टर्ड एकाउन्टेन्टस् ऐन, २०५३ वमोजिम नाम दर्ता भएको चार्टर्ड एकाउन्टेन्टवाट कोपको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ ।

(३) कोपको आय-व्ययको वार्पिक लेखापरीक्षण प्रचलित कानून अनुसार महालेखा परीक्षकको विभागवाट हुनेछ ।

(४) श्री ५ को सरकारले चाहेमा जुनसुकै वखन कोपको वार्पिक हिसाव किताव जाँच्न वा जचाउन सक्नेछ ।

## परिच्छेद-७
## विविध

२२. सहभागी हुन नपाउने : सदस्य, कार्यकारी निर्देशक तथा कुनै कर्मचारीले आफ्नो स्वार्थ भएको कुनै विपयवस्तुसंग सम्वन्धित कोपको कुनै निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. शपथ ग्रहण : सदस्य, कार्यकारी निर्देशक तथा कर्मचारीले आफ्नो पदीय दायित्व सम्हाल्नु अगावै तोकिए बमोजिम गोपनीयता र इमान्दारीको शपथ ग्रहण गर्नुपर्नेछ ।

२४. वार्षिक प्रतिवेदन : (१) कार्यकारी निर्देशकले कोपको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र समिति समक्ष पेश गर्नु पर्नेछ । समितिबाट पारित प्रतिवेदनको एक प्रति कार्यकारी निर्देशकले श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त कोपले वर्षभरी संचालन गरेको कार्यक्रम, कार्यक्रम सञ्चालन गर्दा हुन गएको लागत, कोष सञ्चालन खर्च तथा कार्यक्रमबाट भएको उपलब्धि र भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।

(३) कार्यकारी निर्देशकले समितिको स्वीकृति लिई उपदफा (२) मा उल्लेख भए बमोजिमको कोपको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रुपमा प्रकाशन गर्नेछ ।

२५. बैठक भत्ता : सदस्यले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

२६. आदेश वा निर्देशन दिन सक्ने : श्री ५ को सरकारले कोपले गरेको काम कारबाहीको आवश्यक जाँचबुझ गरी वा आवश्यक ठानेका बखत कोपको उद्देश्य अनुरुप काम कारवाही गर्न कोपलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । त्यसरी श्री ५ को सरकारले दिएको आदेश वा निर्देशनको पालना गर्नु कोपको कर्तव्य हुनेछ ।

२७. गरीबी निवारण कार्यक्रमको समन्वय तथा अनुगमन : (१) यस अध्यादेश बमोजिम कोपले गरीबी निवारण कार्यक्रम संचालन गर्दा, गराउँदा स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठन भएका स्थानीय निकायहरुसंग समन्वय राखी त्यस्ता कार्यक्रमहरु संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन भएका गरीबी निवारण कार्यक्रमको अनुगमन कोष आफैंले वा सम्बन्धित स्थानीय निकाय मार्फत गर्न, गराउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. अधिकार प्रत्यायोजन : (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, यस अध्यादेश बमोजिम गठित उपसमिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले दफा १८ बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कोषको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. सम्पत्ति तथा दायित्व सर्ने : कोष विघटन भएमा कोषको जिम्मामा रहेको सम्पूर्ण सम्पत्ति तथा दायित्व श्री ५ को सरकारमा सर्नेछ ।

३०. श्री ५ को सरकारसंग सम्पर्क : कोषले श्री ५ को सरकारसंग सम्पर्क राख्दा प्रधानमन्त्रीको कार्यालय मार्फत राख्नु पर्नेछ ।

तर कोषसंग सम्बन्धित दैनिक प्रशासकीय कामका लागि सम्बन्धित निकायसंग कोषले सिधै सम्पर्क राख्न सक्नेछ ।

३१. नियम बनाउन सक्ने : यस अध्यादेशको उद्देश्य कार्यान्वयनको लागि कोषको सिफारिसमा श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मिति: २०६०।५।५।६

आज्ञाले,
हरिप्रसाद न्यौपाने
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।